2233/438

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २६६/०७३/७४
निर्णय नं. ४३४

जिल्ला काठमाडौं, का. म. न. पा.-२१, मञ्जुश्री टोल निबासी सागर जोशी ....................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकु ..............................१ } विपक्षी
सूचना अधिकारी, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकु ..............................१ }

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला काठमाडौं, का. म. न. पा.-२१, मञ्जुश्री टोल निबासी सागर जोशीले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकु समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०९।२७ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. क्लिनिकल मलेरिया भनेको के हो ? यस रोगको उपचारमा कुन कुन औषधिको प्रयोग गर्ने गरिन्छ र यो रोग निदानको लागि आर डि टि किट प्रयोग गरिन्छ कि गरिँदैन ?
२. बिगत ५ बर्षमा कति संख्यामा क्लिनिकल मलेरियाको बिरामी देखा परे ? प्रत्येक बर्षको बिवरण ।
३. क्लिनिकल मलेरियाको घटनालाई किन ए पि आई गणना गर्न प्रयोग गरिँदैन ?
४. नेपालमा बिगत ५ बर्षमा जम्मा कति संख्यामा मलेरियाका बिरामीहरु देखा परे ? सोको बार्षिक बिवरण ।
५. बिगत ४ बर्षमा भएको आर डि टि प्याकको खरिदसम्बन्धी बार्षिक बिवरण ।
६. मिति २०७१ श्रावणदेखि २०७३ कार्तिकसम्मको आरटेसुनेट इन्जेक्सनको बितरण र खपतसम्बन्धी बिवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ ०९ गते रोज १ शुभम् ।